# स्थानीय समुदायको सशक्तिकरणद्वारा विपद् जोखिम सुशासनको सुदृढीकरण




## बाढी उत्थानशील कार्यक्रमको प्रभावको संक्षेपिकरण

सन् २०१९ देखि २०२४ सम्म

जुरिच बाढी उत्थानशील समूहको एक महत्वपूर्ण साझेदारका रूपमा नेपाल रेडक्रस सोसाइटी र अन्तर्राष्ट्रिय रेडक्रस र रेडक्रिसेन्ट महासंघले विपद् जोखिम सुशासन र पूर्वसूचना प्रणाली सुदृढ गर्ने कार्यमा ध्यान केन्द्रीत गर्दै बाढी उत्थानशील क्षमता सुदृढ गर्न सहयोग गरेको छ ।

नेपाल रेडक्रस सोसाइटी नेपालमा सबैभन्दा ठूलो मानवीय क्षेत्रमा काम गर्ने संस्था हो जसको ७७ जिल्लास्तरीय शाखाहरू र करिब १६,००० हजार स्वयंसेवकहरूको सञ्जाल छ । नेपाल रेडक्रसलाई विपद् जोखिम व्यवस्थापन र प्रतिकार्यका लागि कानूनी रूपमा नै एक महत्वपूर्ण सरोकारवालाको रूपमा मान्यता प्राप्त छ, जसले सार्वजनिक निकायको सहायकको रूपमा कार्य गर्दछ । अन्तर्राष्ट्रिय रेडक्रस र रेडक्रिसेन्ट सोसाईटीको विपद् सम्बन्धि कानूनले विपद् जोखिम व्यवस्थापन कानूनहरूमा विशेषज्ञता साझेदारी गरेर नेपालको विपद् सुशासनर कानूनी ढाँचालाई सुदृढ गर्न प्राविधिक सहयोग प्रदान गरेको छ।

नेपालमा जेठ देखि भदौ महिनाको बीचमा पर्ने मनसुनी समयमा वार्षिक वर्षाको लगभग ८० प्रतिशत पानी पर्दछ जसका कारण ६,००० भन्दा बढी नदीहरूको बहाव बढ्ने र बाढी आउने हुन्छ ।

नेपालमा वर्षेनी बाढीले विनाशकारी प्रभाव पार्छ । बाढीका कारण घरहरू, पूर्वाधार र जीविकोपार्जन विशेषगरी बालीनाली र पशुपालन लगायतमा ठूलो हानीनोक्सानी हुन्छ ।

अन्तर्राष्ट्रिय रेडक्रस र रेडक्रिसेन्ट सोसाईटीको मानवीय कूटनीति र सहायक भूमिकालाई उपयोग गर्दै, यस परियोजनाले स्थानीय र राष्ट्रियस्तरमा प्रमुख विपद् उत्थानशील साझेदारहरुसँग गहिरो संलग्नता जनाउँदै समुदायको नेतृत्वमा आधारित क्रियाकलापहरूलाई समर्थन, क्षमता विकास र सक्षम वातावरण सुदृढ गर्ने कार्य गरेको छ । मानवीय कूटनीति भनेको एक कार्यविधि हो जसले रेडक्रसका आधारभूत सिद्धान्तहरू जस्तै स्वतन्त्रता र तटस्थतालाई कायम गर्दै सरोकारवाला निकायका प्रमुख निर्णयकर्ताहरुसँग वकालत, छलफल, साझेदारी तथा सम्झौताहरूलाई प्रोत्साहन गर्ने गर्दछ ।



## नगर विपद् जोखिम सुसुशासन मूल्याङ्कन गर्ने साधन - एम डी आर जी ए

यस बाढी उत्थानशील परियोजनाले गाउँ तथा नगर विपद् जोखिम सुशासन मूल्याङ्कन गर्नका लागि आवश्यक सूचक निर्माणमा नेतृत्वदायी भूमिका निर्वाह गरेको छ । यी सूचकहरु प्रयोगकर्ताका लागि सहज र सन्दर्भसँग मिल्ने स्वमूल्याङ्कनमा आधारित रहेका छन् । यस मूल्याङ्कन साधन विभिन्न विपद् सम्बन्धी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कानूनहरूबाट प्रेरित रहेको छ । यसले स्थानीय पालिकाका अधिकारीलाई विपद् जोखिम व्यवस्थापनसँग सम्बन्धित उनीहरूको भूमिका र जिम्मेवारी बुझ्न सघाउँछ । स्रोतसाधन, सुधारका क्षेत्रहरु र प्राथमिकताहरूको पहिचान मार्फत गाउँ तथा नगर विपद् जोखिम सुशासन मूल्याङ्कनका सूचकले स्थानीय नीति, योजना र कार्यक्रमहरूमा विपद् जोखिम न्यूनीकरणको मामिलालाई समावेश गर्न सघाउँछ र जोखिम-संवेदनशील र विपद् जोखिम न्यूनीकरणमैत्री सुशासनमा लगानी गर्न प्रोत्साहित गर्दछ ।

नगर विपद् जोखिम सुशासन मूल्याङ्कनका साधनलाई विभिन्न सरोकारवालासँगको सहकार्यमा निर्माण, परीक्षण र कार्यान्वयन (पाइलटिङ्ग) गरिएको छ जसमा विभिन्न दृष्टिकोणहरूको समावेशिता सुनिश्चित गर्न र कार्यविधिको व्यापक स्वीकृति र कार्यान्वयनलाई प्रवर्द्धन गर्न सकियोस् भन्ने हेतुले संघ र प्रदेश सरकार, संयुक्त राष्ट्र संघका एजेन्सीहरू, अन्तर्राष्ट्रिय र स्थानीय गैर-सरकारी संघसंस्थाहरूलाई सहभागी गरियो ।

> नगर विपद् जोखिम सुशासन मूल्याङ्कन साधन नगरपालिकामा विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनको विद्यमान स्रोत, थप स्रोतको आवश्यकता र चुनौतीहरू बुझ्नका लागि धेरै उपयोगी छ । यी सूचकहरू स्थानीय पालिकाहरूको योजना, बजेट र नीति निर्माण गर्दा विचार गरिनेछन् ।
>
> बारवर्दिया नगरपालिकाका वरिष्ठ अधिकारी

**१४०,०००**

### जीवनस्तरमा सुधार

नयाँ नीति जसले जनताको जीवनमा सकारात्मक दीगो प्रभाव पारेको छ ।

**३००,०००**

### मा अप्रत्यक्ष पहुँच

जनसंख्या जसले सामुदायिक हस्तक्षेपलाई बढाएर प्रभावकारी पहलहरूबाट फाइदा लिन्छ ।

संघीय मामिला तथा सामान्य प्रसुशासनमन्त्रालयबाट नगर विपद् जोखिम सुसुशासनमूल्याङ्कनका साधनको आधिकारिक स्वीकृति र प्रमुख साझेदारहरूसँगको सहकार्य र समर्थनले साधनलाई सबै ठाउँहरूमा कार्यान्वयन गर्ने भविष्यको मार्गचित्र तयार पार्दछ ।

**७५३**
**गाउँ\नगरपालिका**

## बाढी र तातो हावाको लहर सम्बन्धी पूर्वसूचना प्रणाली

पहिला पूर्वसूचना प्रणालीलाई बाढी र तातो हावाको लहरसँग सम्बन्धित विषयमा राष्ट्रियस्तरको संवाद, स्थानीय नीति समर्थन, तालिम र कार्यशालाहरु मार्फत क्षमता अभिवृद्धिका लागि योजना विकास सहित सुदृढ पारिएको छ ।

सन् २०२३ मा रेडक्रसले राष्ट्रियस्तरमा विभिन्न बैठक र कार्यशालाहरूको आयोजना गरि पूर्वसूचना प्रणालीको क्षेत्रमा सम्बद्ध सरोकारवाला एक ठाउँमा ल्याइ नेपालमा विद्यमान पूर्वसूचना प्रणालीको अवस्थाका बारेमा समीक्षा गर्यो । यी राष्ट्रियस्तरका प्रयासहरू मार्फत सबैका लागि पूर्वसूचना प्रणालीका चार स्तम्भहरू कार्यान्वयनमा भएका प्रगतिको लेखाजोखा गरिएको थियो ।

साथै, परियोजनाले लोहनद्रा नदी प्रणालीका आठ नगरपालिका र विराटनगर महानगरपालिकामा स्थानीयस्तरमा पूर्वसूचना प्रणाली सुदृढीकरण कार्य सम्पन्न गर्यो । जसमा विद्यमान पूर्वसूचना प्रणालीमा सम्बद्ध विभिन्न सरोकारवालाहरूको सहभागीता तथा उनीहरूको भूमिकाको लेखाजोखा, तातो हावाको लहरको कार्ययोजना निर्माण र स्थानीय अगुवाको ज्ञान तथा क्षमतामा अभिवृद्धि गर्न पूर्वसूचना प्रणाली, आपत्कालीन प्रतिकार्य, खोज तथा उद्धार र प्राथमिक उपचारसँग सम्बन्धित तालिम तथा पूर्वअभ्यासहरू समावेश गरिएको थियो ।

# संस्थागत सिकाई

यस परियोजनाको कार्यान्वयनका क्रममा देखिएका चुनौती तथा सफलताहरुबाट बाढी उत्थानशील समुह बाहेक अन्तर्राष्ट्रिय रेडक्रस र रेडक्रिसेन्ट सोसाईटी र नेपाल रेडक्रस सोसाईटीका लागि समेत केहि महत्वपूर्ण सिकाइहरू भएका छन् ।

- यस परिक्षण (पाइलटिङ्ग) नीति परिवर्तनहरूको प्रभावकारिता समीक्षा गर्न र सुधार गर्नका लागि महत्वपूर्ण छ ।
- एक नीति परिमार्जनमा केन्द्रीत रहेर अगाडी बढ्दा लक्षित उपलब्धी हासिलको दिशामा सुधार देखियता पनि यस नगर विपद् जोखिम सुशासन मूल्याङ्कन सूचकको स्वीकृतिका लागि भने केही अस्पस्टता र अन्योलहरू देखा परेका थिए ।
- नगर विपद् जोखिम सुशासन मूल्याङ्कन सूचकको स्वीकृतिका लागि प्रमुख संघीय सरोकारवालाबाट व्यापक समीक्षा र सहभागिता रहेको थियो । यस कार्यमा सम्बन्धित मन्त्रालयका विभिन्न विभाग र शाखाहरूको सहभागिता रहेको थियो तर सम्बन्धित शाखाका अधिकारीहरूको सरूवा, आमनिवार्चन र कोभिड-१९ महामारीका कारण स्वीकृतिको प्रकृयामा केहि ढिलाइ हुन गएको थियो ।
- परियोजनाले कार्यक्रम ढिलाइसँग सम्बन्धित जोखिमलाई नजिकबाट व्यवस्थापन गर्‍यो र पूर्वसूचना प्रणालीसँग सम्बन्धित नयाँ कामको योजना विकास गर्‍यो जुन परियोजनाका व्यापक उद्देश्यहरूसँग जोडिएका थिए । यस कार्यमा सबैको समझदारी र समर्थन सुनिश्चित गर्न सम्बन्धित सरोकारवालासँग निरन्तर छलफल गरिएको थियो ।
- सूचकको कार्यान्वयनबाट प्राप्त निष्कर्षहरूले नेपाल रेडक्रस सोसाइटीलाई यस कार्यका लागि संस्थागत क्षमता सुदृढ गरी स्थानीय सरकारहरूसँग सहकार्य गर्न महत्त्वपूर्ण भूमिका खेल्नेछ ।

# हाम्रो प्रभाव

जसरी नगर विपद् जोखिम सुशासन मूल्याङ्कनका सूचकलाई नेपालभरिका नगरपालिकाहरूमा परीक्षण र कार्यान्वयन गरिएको छ र यसबाट अहिले नै केही महत्वपूर्ण प्रभावहरू देखिएका छन् । यसले स्थानीय पालिकाहरूलाई घटना घटेपछि प्रतिकार्य गर्ने (ex-post) मात्र नभै, पूर्वसूचनामा आधारित (ex-ante) भई विपद् जोखिम व्यवस्थापन सम्बन्धित विभिन्न कदम तथा  जिम्मेवारीहरु बुझ्न सघाएको छ ।

टिकापुर नगरपालिकाका विपद् जोखिम न्यूनीकरण सम्पर्क व्यक्ति निर्मला चौधरी भन्नुहुन्छ "यस सूचकले हामीलाई हाम्रा आवश्यकता र कमजोरिहरू कहाँ छन्, हामीले के पहिले नै पुरा गरेका छौँ र के अँझै गर्नुपर्ने छ भनेर देखाएको छ । पहिले हामीले सोचेका थियौं कि नगरपालिकाको मुख्य भूमिका राहत सामग्री वितरण गर्नु हो तर नगर विपद् जोखिम सुशासन मूल्याङ्कनका सूचक कार्यान्वयन गरेपछि हामीले बुझ्यौं कि राहत वितरण अन्तिम कदम हो । हाम्रो मुख्य जिम्मेवारी भनेको प्रारम्भिक तहका कार्य र पूर्वसूचना प्रणाली स्थापना गर्नु हो ।"

सन् २०२३ मा नेपाल रेडक्रस र डेनिश रेडक्रसको सहयोगमा सुदूरपिश्चम प्रदेशका टिकापुर र पुनर्वास नगरपालिकामा नगर विपद् जोखिम सुशासन मूल्याङ्कन सूचकको कार्यान्वयनले आपत्कालीन जोखिम सुशासन सुदृढ गर्नका लागि अनेकौं क्रियाकलापको सुरुआत गर्‍यो । जसमा विपद् जोखिम न्यूनीकरण सम्पर्क व्यक्ति तोक्ने, आपत्कालीन विपद् व्यवस्थापन कोषको स्थापना र सञ्चालन गर्नका लागि प्रक्रिया, नीति, मार्गनिर्देश र रणनीतिहरू बनाउने, प्रमुख अगुवा र समुदायका सदस्यहरूका लागि सम्बन्धित तालिमहरू आयोजना गर्ने, पूर्वतयारी, प्रतिकार्य र जोखिम रणनीतिसँग सम्बन्धित योजना विकास गर्ने र आपत्कालीन कार्यसञ्चालन केन्द्रहरू स्थापना गर्ने जस्ता कार्यहरू समावेश थिए ।

यी क्रियाकलापको परिणामस्वरूप सन् २०२४ को सेप्टेम्बर महिनामा टिकापुरमा बाढीको प्रभाव अघिल्लो वर्षको तुलनामा उल्लेखनीय रूपमा घटेको थियो ।



# सिफारिस

पछिल्लो पाँच वर्षमा नेपालमा बाढी उत्थानशील परियोजनाको सफल कार्यान्वयनले आपत्कालीन जोखिम सुशासन व्यवस्थापनमा महत्वपूर्ण सुधार देखाएको छ । यद्यपि जलवायु जोखिमहरू बढ्दै गएका कारण अघिल्ला अनुभवहरूबाट सिकेका पाठहरूको उपयोग गर्दै हाम्रो दृष्टिकोणलाई गतिशील र नवप्रवर्तनशील बनाईराख्न आवश्यक छ ।

## अरूसँग काम गर्नु र सामुदायिक सहभागिताको लागि बैकल्पिक रणनीतिको विकास गर्नुहोस् ।

- स्वामित्वको भावना बढाउन र फराकिलो प्रकृतिको मार्ग प्रशस्त गर्न साझेदारहरूसँग स्रोत र साधनहरूको सह-निर्माण गर्नुहोस् ।
- प्रत्यक्ष सामुदायिक संलग्नता संभव नभएको ठाउँमा अनलाइन प्रशिक्षण विधिहरू अपनाउने गर्नुहोस् ।

## मुख्य सरोकारवालाहरूसँगको संलग्नतामा निर्भर रहने प्रक्रियाको लागि सावधानी पूर्वक योजना बनाउनुहोस् ।

- मुख्य सरोकारवालाहरूसँग निरन्तर सम्बन्धको विकास र विस्तार गर्नुहोस् ।
- मुख्य सरोकारवालाहरूसँगको संलग्नताका लागि समय सन्दर्भमा चाहिने उत्कृष्ट अवसरहरूको पहिचान गर्नुहोस् ।
- मुख्य सरोकारवालाहरूसँग अवस्थित उद्देश्यहरूको लागि सूचकको महत्व र सह-लाभको सञ्चार गर्नुहोस् ।
- सरोकारवालाहरूसँगको संलग्नताको लागि विशेषगरी अनुमोदन र समिक्षाका लागि अतिरिक्त समय तालिका बनाउनुहोस् ।

## जोखिम व्यवस्थापन रणनीति बनाएर नियमित रूपमा निगरानी गर्नुहोस् ।

- अप्रत्यासित परिवर्तनको स्थितिमा पनि परियोजनाका उद्देश्यहरू हाशिल गर्ने बैकल्पिक रणनीतिहरू तय गर्नुहोस् ।
- परियोजना कार्यान्वयनमा पुर्याउने संभावित जोखिमहरूको पहिचान गर्नुहोस् र तिनको नियमित रूपमा अनुगमन गर्नुहोस् ।
- स्वीकार्य जोखिमको सिमाङ्कन गर्नुहोस् र जोखिमले त्यो सिमा पार गरेपछि आवश्यक परिवर्तनको कदम चाल्नुहोस् ।

## सूचकको स्थानीयस्तरमा विभिन्न सरोकारवालाहरू माझ प्रचारप्रसार गर्ने ।

- सूचकको प्रवर्धन र समर्थनका लागि विभिन्न साझेदारहरूको नेतृत्वमा तथा स्थानीय तहमा सञ्चालन भइरहेका विपद् जोखिम व्यवस्थापन वा पूर्वसूचना प्रणाली सम्बन्धी कार्यक्रम वा परियोजनाहरूमा एकीकृत गर्ने ।

जुरिच बाढी उत्थानशील समुह एक बहु-क्षेत्रीय साझेदारी हो जसले विकसित र विकासोन्मुख देशहरूका समुदायहरूलाई बाढी जोखिममा आफ्नो उत्थानशीलता सुदृढ गर्नका लागि व्यावहारिक उपायहरू पहिचान गर्न सहयोग गर्दछ । थप जानकारीका लागि: www.floodresilience.net

थप जानकारीको लागि यहाँ

जुरिच बाढी उत्थानशील समुहका सदस्यहरूलाई जेड जुरिच फाउन्डेसनले वित्तीय सहायता प्रदान गर्दछ । यद्यपि यस प्रकाशनमा व्यक्त विचार तथा लेखाइहरूले प्रतिष्ठान (फाउन्डेशन) वा कम्पनीको आधिकारिक धारणा प्रदर्शित गर्दैन ।